मिति : २०८२।०७।२३

समय : बिहान ११:०० बजे

स्थान : गोलन्जोर गाउँ कार्यपालिकाको कार्यालय, ग्वालटार

आज मिति २०८२।०७।२३ गते आइतबार गोलन्जोर गाउँपालिकाका अध्यक्ष श्री शंकर राज बरालज्यूको अध्यक्षतामा गोलन्जोर गाउँ कार्यपालिकाको बैठक तपशिलको उपस्थितिमा बसि देहाय अनुसारको प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थिति:

| | |
|---|---|
| १. श्री शंकर राज बराल | गाउँपालिका अध्यक्ष |
| २. श्री ज्वाला प्रसाद न्यौपाने | गाउँपालिका उपाध्यक्ष |
| ३. श्री रेगन राज थापा | गाउँपालिका प्रवक्ता |
| ४. श्री सोम प्रसाद बराल | कार्यपालिका सदस्य |
| ५. श्री दौलत कार्की | कार्यपालिका सदस्य |
| ६. श्री कृष्ण प्रसाद पोखरेल | कार्यपालिका सदस्य |
| ७. श्री भक्त बहादुर भुजेल | कार्यपालिका सदस्य |
| ८. श्री गोबिन्द बहादुर लुङ्गेली | कार्यपालिका सदस्य |
| ९. श्री रबिन कुमार श्रेष्ठ | कार्यपालिका सदस्य |
| १०. श्री सम्झना पोखेल | कार्यपालिका सदस्य |
| ११. श्री सम्बर बहादुर माझी | कार्यपालिका सदस्य |
| १२. श्री उर्वशी ढुङ्गेल | कार्यपालिका सदस्य |
| १३. श्री अम्मरदिप बि क | कार्यपालिका सदस्य |
| १४. श्री शान्ता बि क | कार्यपालिका सदस्य |
| १५. श्री खरिमाया आले पुर्वछाने | कार्यपालिका सदस्य |
| १६. श्री मान बहादुर बराल | प्रमुख प्रशासकीय अधिकृत |

अन्य उपस्थिति

| | |
|---|---|
| सरद प्याकुरेल | प्रशासन शाखा |

## प्रस्तावहरु

१) सहकारी दर्ता सम्बन्धमा ।

२) सहकारी संस्था स्थानान्तरण गर्न सिफारिस दिने सम्बन्धमा ।

३) गोलन्जोर आधारभुत अस्पतालको लागि आवश्यक सामाग्री खरिद सम्बन्धमा ।

४) प्याज खेति कार्यक्रमको लागि कार्यक्षेत्र छनौट सम्बन्धमा ।

५) (घ) वर्गको निर्माण व्यवसायीको ईजाजत स्वीकृत सम्बन्धमा ।

६) गोलन्जोर आधारभुत अस्पतालमा स्वास्थ्य बीमा सेवा शुरु गर्ने सम्बन्धमा ।

७) बाखा प्रबर्द्धन कार्यक्रम सम्बन्धमा ।

८) स्थानीय राजश्व परामर्श समितिको बैठकको निर्णय अनुमोदन सम्बन्धमा ।

९) बर्थिङ्ग सेवा थप गर्ने सम्बन्धमा।

१०) नयाँ सहकारी संस्था दर्ता सम्बन्धमा ।

११) चार्जिङ्ग स्टेशन स्थापना सम्बन्धमा ।

१२) क्रमागत रकम भुक्तानी सम्बन्धमा ।

१३) अस्पताल आवास मर्मत तथा गेट निर्माण कार्यको भुक्तानी सम्बन्धमा ।

१४) भवनको ठेक्का म्याद थप सम्बन्धमा ।

१५) पालिका स्तरिय बालश्रम उन्मुलन सम्बन्धी प्रस्तावना पेश गर्ने सम्बन्धमा ।

## निर्णयहरु

**निर्णय नं. १ कृषि सहकारी संस्था दर्ता सम्बन्धमा ।**

प्रस्ताब नं. १ माथि छलफल गर्दा गोलन्जोर गाउँपालिका वडा नं. ४ तिनकन्याका कृषि पेशामा संलग्न कृषकहरुले यस गाउँपालिका वडा नं. ४ मा स्थायी ठेगाना रहने गरी दर्ता हुन विधान सहित निवेदन दिएको श्री तिनकन्या कृषि सहकारी संस्था लि. लाई गोलन्जोर गाउँपालिका वडा नं. ४ भित्र मात्र कार्यक्षेत्र रहने गरी दर्ता गर्न स्वीकृती दिने निर्णय गरियो ।

**निर्णय नं.२ सहकारी संस्था स्थानान्तरण गर्न सिफारिस दिने सम्बन्धमा ।**

प्रस्ताब नं. २ सहकारी संस्था स्थानान्तरण गर्न सिफ़ारिस दिने सम्बन्धमा छलफल गर्दा श्री कर्मतारा बचत तथा ऋण सहकारी संस्था लि. का.म.पा. ३२ काठमाडौं मा रहेकोमा उक्त सहकारी संस्थाको कार्यक्षेत्र कर्मतारा एग्रो ट्रेड प्रा लि मा मात्र सिमित रहने छ भनि व्यवस्था भएको र सो कम्पनी हाल गोलन्जोर गाउँपालिका वडा नं. ५ मा स्थानान्तरण भएकोले उक्त सहकारी संस्था लाई का म पा ३२ काठमाडौंबाट गोलन्जोर गाउँपालिका वडा नं. ५ मा स्थानानतरणको लागि सिफारिस दिने निर्णय गरियो ।

निर्णय नं.३ गोलन्जोर आधारभुत अस्पतालको लागि आवश्यक सामाग्री खरिद सम्बन्धमा ।

प्रस्ताव नं. ३ गोलन्जोर आधारभुत अस्पतालको लागि आवश्यक सामाग्री खरिद सम्बन्धमा छलफल गर्दा अस्पताललाई सेवा सञ्चालनको क्रममा तत्काल आवश्यक पर्ने तपसिल बमोजिमका सामाग्रीहरु खरिद गर्ने निर्णय गरियो ।

१. ल्याबको लागि आवश्यक पर्ने ब्याक अप इन्भर्टर ।(अस्पताल ल्याब शिर्षकबाट खर्च हुने गरी )
२. ल्याबको लागि आवश्यक Reagent खरिद सम्बन्धमा ।(अस्पताल ल्याब शिर्षकबाट खर्च हुने गरी )
३. साना उपकरण खरिद सम्बन्धमा ।(अस्पताल औषधी खरिद शिर्षकबाट खर्च हुने गरी )

**निर्णय नं. ४ प्याज खेति कार्यक्रमको लागि कार्यक्षेत्र छनौट सम्बन्धमा ।**

प्रस्ताव नं. ४ प्याज खेति कार्यक्रमको लागि कार्यक्षेत्र छनौट सम्बन्धमा छलफल गर्दा गोलन्जोर गाउँपालिका विशेष अनुदान अन्तर्गत प्राप्त बजेटबाट प्याज खेति प्रबर्द्धन गर्न वडा नं. १ लाई प्राथमिकतामा राखि अन्य सम्पुर्ण वडाहरुमा प्याज खेति कार्यक्रम विस्तार गर्ने निर्णय गरियो।

**निर्णय नं. ५ (घ) वर्गको निर्माण व्यवसायीको ईजाजत पत्र स्वीकृत सम्बन्धमा ।**

प्रस्ताव नं. ५ (घ) वर्गको निर्माण व्यवसायीको ईजाजत स्वीकृत सम्बन्धमा यस गाउँपालिकामा (घ) वर्गको निर्माण व्यवसायीको इजाजत पत्रको लागि नियमानुसार पेश गर्नु भएको तपशिल बमोजिमका कम्पनीलाई गोलन्जोर गाउँपालिकाको (घ) वर्गको निर्माण व्यवसायी ईजाजत सम्बन्धि कार्यविधि, २०७७ को दफा २ बमोजिमको ईजाजत पत्र लिन आवश्यक मापदण्ड पुरा गरेको अवस्थामा प्रमाण पत्र जारी गर्ने निर्णय गरियो ।

| क्र सं | निर्माण व्यवसायी कम्पनीको नाम | संचालकको नाम | ठेगाना |
|---|---|---|---|
| १ | शुभ बिहानी बिल्डर्स प्रा. लि. | बद्रि प्रसाद देवकोटा | गोलन्जोर-७, खुर्कोट, सिन्धुली |

**निर्णय नं. ६ गोलन्जोर आधारभुत अस्पतालमा स्वास्थ्य बीमा सेवा शुरु गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. ६ गोलन्जोर आधारभुत अस्पतालमा स्वास्थ्य बीमा सेवा शुरु गर्ने सम्बन्धमा छलफल गर्दा स्वास्थ्य बीमा नियमावली, २०७५ बमोजिम सेवा प्रदायक स्वास्थ्य संस्थाको सूचीकरणको लागि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय न ७ बाखा प्रबर्द्धन कार्यक्रम सम्बन्धमा ।**

प्रस्ताव नं. ७ बाखा प्रबर्द्धन कार्यक्रम सम्बन्धमा छलफल गर्दा गोलन्जोर गाउँपालिकामा संघिय सशर्त अन्तर्गत रहेको बाखा प्रबर्द्धन कार्यक्रम गोलन्जोर गाउँपालिका पशु सेवा शाखाले समग्र गाउँपालिकामा कार्यक्रम सञ्चालन गर्न सूचना प्रकाशित गरी प्राप्त निवेदन अनुसार प्रदेश तथा स्थानीय तहमा हस्तानतरण भएको सशर्त वित्तिय पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ बमोजिम कार्यान्वयन गर्ने गरी खोर निर्माण कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ स्थानीय राजश्व परामर्श समितिको बैठकको निर्णय अनुमोदन सम्बन्धमा ।**

प्रस्ताव नं. ८ स्थानीय राजश्व परामर्श समितिको बैठकको निर्णय अनुमोदन सम्बन्धमा छलफल गर्दा मिति २०८२।०६।२७ गतेको बैठकले गरेको दहत्तर बहत्तर को ठेक्का प्रारम्भिक वातावरणिय मुल्याङ्कन (IEE) प्रतिवेदनमा उल्लेख भए बमोजिम नदी खोलाहरुको छुट्टाछुट्टै टेन्डर भए बमोजिमको निर्णय अनुमोदन गरियो ।

**निर्णय नं. ९ बर्थिङ्ग सेवा थप गर्ने सम्बन्धमा।**

प्रस्ताव नं. ९ बर्थिङ्ग सेवा थप गर्ने सम्बन्धमा गोलन्जोर गाउँपालिका वडा नं. ४ को किराते र वडा नं. ६ मा रहेको घोक्सिला सामुदायिक स्वास्थ्य ईकाई मा बर्थिङ्ग सेवा समेत थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० नयाँ सहकारी दर्ता सम्बन्धमा ।**

प्रस्ताव नं. १० सहकारी दर्ता सम्बन्धमा छलफल गर्दा गोलन्जोर गाउँपालिका सहकारी दर्ता गर्नको लागि प्रचलित कानून बमोजिम दर्ता गर्न सकिने सहकारी संस्था दर्ताको लागि प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११ चार्जिङ्ग स्टेशन स्थापना सम्बन्धमा ।**

प्रस्ताव नं. ११ चार्जिङ्ग स्टेशन स्थापना सम्बन्धमा गोलन्जोर गाउँपालिका अन्तरगत रहेको मध्य पहाडी र बि पि राजमार्ग अन्तर्गत सडकहरुमा अत्याधिक रुपमा विद्युतिय गाडिहरुको चाप बढेको र चार्जिङ्ग मेशिन कम भएकोले गोलन्जोर गाउँपालिका भित्रको ३ (तिन) स्थानमा चार्जिङ्ग स्टेशन स्थापना गर्न बागमती प्रदेश सरकार, श्रम रोजगार तथा यातायात मन्त्रालय हेटौंडा मकवानपुरसँग माग गर्ने निर्णय गरियो ।

निर्णय नं. १२ क्रमागत रकम भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं. १२ क्रमागत रकम भुक्तानी सम्बन्धमा छलफल गर्दा आ.व. २०८१।०८२ बाट आ.व. २०८२।०८३ मा दायित्व सरी आएका चालु तथा पुँजिगत तर्फका सम्पुर्ण योजनाहरुको को आ व २०८२।०८३ को स्वीकृत बजेट तथा कार्यक्रमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. १३ अस्पतालको आवास तथा गेट निर्माण सम्बन्धमा ।

प्रस्ताव नं. १३ अस्पतालको आवास तथा गेट निर्माण सम्बन्धमा छलफल गर्दा गोलन्जोर गाउँपालिका वडा नं. ३ मा रहेको गोलन्जोर आधारभुत अस्पतालको लागि आ.व. २०८२।०८३ मा स्वीकृत प्रदेश सरकार तर्फको शसर्त पुँजीगत तर्फ बिनियोजित रु.२०,००,०००।(रु.बिस लाख) मध्येबाट गोलन्जोर आधारभुत अस्पताल सञ्चालनार्थ (आवास मर्मत तथा गेट निर्माण) योजनाको रकम रु.५,२०,०००।भुक्तानि गर्ने निर्णय गरियो ।

निर्णय नं. १४ प्रशासकीय भवनको ठेक्का सम्झौताको म्याद थप सम्बन्धमा ।

प्रस्ताव नं. १४ प्रशासकीय भवनको ठेक्का सम्झौताको म्याद थप सम्बन्धमा छलफल गर्दा पाइनस कन्स्ट्रक्सन कम्पनीले GRM/SIN/WORKS/NCB/16/079/080 को Construction Of Administration Office building of Golanjor Rural municipality को भवन निर्माण कार्यको मिति २०८०।०५।१२ मा सम्झौता भई मिति २०८२।०५।१५ मा सम्पन्न गर्ने गरी सम्झौता भएकोमा २०८१ असोज ११ र १२ गते परेको भारी वर्षाका कारण समयमा नै काम सम्पन्न हुन नसकेकोले ६ महिनाको लागि म्याद थप गर्न मिति २०८२।०८।१६ मा निवेदन दिई Performance Guarantee र बीमाको म्याद थप को समेत कागजात पेश गरेकोले गोलन्जोर गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि मिति २०८२।११।१४ सम्म (३ महिना)को लागि म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. १५ पालिका स्तरिय बालश्रम उन्मुलन सम्बन्धी प्रस्तावना पेश गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १५ पालिका स्तरिय बालश्रम उन्मुलन सम्बन्धी प्रस्तावना पेश गर्ने सम्बन्धमा छलफल गर्दा गोलन्जोर गाउँपालिकाले मिति २०८२।०७।१८ गतेको श्रम रोजगार तथा यातायात मन्त्रालयको सूचना बमोजिम गोलन्जोर गाउँपालिकालाई बालश्रम उन्मुलन गर्न श्रम, रोजगार तथा यातायात मन्त्रालय बागमती प्रदेश हेटौंडामा कार्ययोजना सहितको प्रस्तावना पेश गर्ने निर्णय गरियो ।